# मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडको

## छैठौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णयको विवरण (माइन्युट)

## पाना १ देखि १० सम्म अभिलेख

**१. वैधानिक सभाः**

मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८१/१२/११ मा सम्पन्न १६३औं बैठकको निर्णयानुसार आह्वान गरिएको छैठौं वार्षिक साधारण सभा संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री लोकराज शर्माको अध्यक्षतामा कम्पनी (पहिलो संसोधन) ऐन, २०६३ अनुसार देहाय वमोजिम सम्पन्न भयो ।

**२. सभा बसेको मिति, स्थान र समयः**

मिति : २०८२/०१/०२ गते मंगलबार, तदनुसार अप्रिल १५, २०२५

स्थान : होटल अमुप्रस्था ब्याङक्वेट एण्ड इभेन्ट्स, बुढानिलकण्ठ न.पा., वडा नं. ७, काठमाडौं

समय : विहान ११.०० बजे

**३. सभाको सूचना तथा आवश्यक विवरण**

३.१ मिति २०८१/१२/११ गते बसेको सञ्चालक समितिको १६३औं बैठकले संस्थाको छैठौं वार्षिक साधारण सभा मिति २०८२/०१/०२ मा बोलाउने निर्णय गरे अनुसार कम्पनी (पहिलो संसोधन) ऐन, २०६३ को दफा ६७ (२) अनुसार साधारण सभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयवस्तुहरु सहितको विवरणहरु खुलाई मिति २०८१/१२/१२ गतेको राष्ट्रिय समाचारपत्र दैनिक पत्रिकामा एक पटक र मिति २०८१/१२/२५ गतेको राष्ट्रिय समाचारपत्र दैनिक पत्रिकामा एक पटक गरी दुई पटक सूचना प्रकाशन गरिएको, सभाको सूचना Website मा राखिएको संस्थाको र सभाको जानकारी सम्बन्धमा शेयरधनीहरुको मोवाईल नम्बरमा SMS समेत पठाइ जानकारी गराइएको व्यहोरा सभामा जानकारी गराइयो ।

३.२ सभास्थल सम्बन्धमाः कम्पनी ऐन, २०६३ को दफा ६७(४) वमोजिम "कार्यालयले अन्यत्र साधारण सभा गर्न पूर्वस्वीकृति दिएको अवस्था बाहेक पब्लिक कम्पनीको साधारण सभा त्यस्तो कम्पनीको रजिष्टर्ड कार्यालय रहेको जिल्ला वा रजिष्टर्ड कार्यालयको जिल्लासँग जोडिएको अधिकांश शेयरधनीलाई पायक पर्ने ठाउँमा गर्नु पर्नेछ ।" भन्ने उल्लेख भएकोमा हाल संस्था बिभिन्न संस्थाहरुसंग मर्ज भई आएको अवस्थामा संस्थाका लगानीकर्ताहरु देशका बिभिन्न जिल्लाहरुका रहनु भएको र संस्थाको रजिष्टर्ड कार्यालय रहेको स्थान लम्कीचुहा-४, कैलाली रहेको सन्दर्भमा सबै क्षेत्रका लगानीकर्ताहरु सहभागीहुने हिसावले कम्पनीको साधारण सभा काठमाण्डौमा गर्न उपयुक्त हुने देखिएकोले सञ्चालक समितिको मिति २०८१/११/०७ गते बसेको १६१औं बैठकको निर्णय बमोजिम वित्तीय संस्थाको छैठौ वार्षिक साधारण सभा काठमाडौं जिल्लामा गर्न कम्पनी रजिष्ट्रारको कार्यालयसँग स्वीकृति माग गरिएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/११/१८ गतेको पत्रानुसार काठमाडौं जिल्लामा साधारण सभा गर्न स्वीकृति प्राप्त भएको ।



Matribhumi Laghubitta Bittiya Sanstha Limited
मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड
कर्पोरेट कार्यालय, काठमाडौं

CamScanner

## ४. छलफल तथा निर्णयकालागि निर्धारित विषयसूची:

**क) सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ असार मसान्तको वासलात, २०८० साउन १ गते देखि २०८१ असार मसान्त सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. साविक जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको २०८१ असार २६ गतेको वासलात र २०८० साउन १ गते देखि २०८१ असार २६ गते सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनी समूहबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीको तर्फबाट २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

१. सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने ।

२. यस वित्तीय संस्था नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको अन्य लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) सम्वन्धमा आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

## ५. उपस्थिति:

### ५.१ सञ्चालक उपस्थिति

| | |
|---|---|
| क) श्री लोकराज शर्मा | अध्यक्ष |
| ख) श्री शम्भु प्रसाद घिमिरे | सञ्चालक |
| ग) श्री भरत बहादुर हमाल | सञ्चालक |
| घ) श्री अर्जुन श्रेष्ठ | सञ्चालक |
| ङ) श्री शुषमा गौतम | सञ्चालक |
| च) श्री बिमला योगी | सञ्चालक |
| छ) श्री प्रधुम्न कुमार भट्टराई | सञ्चालक |



Matribhumi Laghubitta Bittiya Sanstha Limited
स्था. २०७४
कर्पोरेट कार्यालय, काठमाडौं
मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड

**५.२ संस्थाका पदाधिकारी उपसिथिति**

क) श्री लक्ष्मी प्रसाद शर्मा — प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
ख) श्री अशोक कुमार आचार्य — बरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत
ग) श्री दिवस ढकाल — सहायक महाप्रबन्धक
घ) श्री पवन योगी — सहायक महाप्रबन्धक
ङ) श्री लोकमणी रेग्मी — सहायक महाप्रबन्धक

सभामा विभागिय प्रमुख तथा अन्य कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो ।

**५.३ शेयरधनीहरुको उपस्थिति:**

संस्थाको सभामा उपस्थित हुन पाउने कुल शेयरधनी संख्या ३९,५१७ जना रहेकोमा सभामा निम्न बमोजिमको उपस्थिति रहेको थियो ।

| बिक्री भएको कुल शेयर संख्या (कित्ता) | शेयर संख्या ( संस्थापक समूह "क") | शेयर संख्या ( सर्वसाधारण समूह "ख") | उपस्थित शेयर संख्या "क" | उपस्थित शेयर संख्या (ख) | जम्मा उपस्थिति ( क र ख) | उपस्थित शेयर संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६२,८३,५७३.३७ | ५२,०३,४८९.१८ | १०,८०,०८४.१९ | २६२ जना शेयरधनी/ प्रतिनिधि -शेयर कित्ता ३८,२९,३६१ | ३२३ जना शेयरधनी/ प्रतिनिधि - शेयर कित्ता ८२,००३ | ५८५ जना शेयरधनी/ प्रतिनिधि -शेयर कित्ता ३९,११,३६४ | ६२.२५ प्रतिशत |

- शेयरधनी स्वयं उपस्थित संख्या २११ जना, शेयर कित्ता १९,१७,९२४ र शेयरको प्रतिनिधित्व ३०.५२ प्रतिशत ।
- शेयरधनी प्रोक्सी मार्फत उपस्थित संख्या ३७४, शेयर कित्ता १९,९३,४४० र शेयरको प्रतिनिधित्व ३१.७३ प्रतिशत ।

**७. गणपुरक संख्या:**

कम्पनी (पहिलो संसोधन) ऐन, २०६३ को दफा ७३ (२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा सञ्चालनको लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व र कम्तीमा तीन जना शेयरधनीहरुको उपस्थिति हुनुपर्नेमा सभामा कुल शेयर संख्याको ६२.२५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ५८६ जना (प्रोक्सी सहित) शेयरधनी/शेयरधनी संस्थाको प्रतिनिधिहरुको सभामा उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुगेको र सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

**८. सभाको अध्यक्षता, आसन ग्रहण र सभा सञ्चालन:**

सभामा गणपुरक संख्या पुगेको र वैधानिक रहेकोले सभा सञ्चालक प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव श्री लक्ष्मी प्रसाद शर्माले कम्पनी (पहिलो संशोधन) ऐन, २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १९(१) बमोजिम वार्षिक साधारण सभाको अध्यक्षता गर्न सञ्चालक



Matribhumi Laghubitta Bittiya Sanstha Limited

समितिका अध्यक्ष श्री लोकराज शर्मालाई अनुरोध गर्नु भए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नु भयो । तत्पश्चात अध्यक्षज्यूको अनुमतिमा सभा सञ्चालकले संस्थाका सञ्चालकज्यूहरु, आमन्त्रित महानुभावहरु र शेयरधनी महानुभावहरुलाई आसन ग्रहण गराउनु भयो ।

**९. स्वागत मन्तब्य:**

संस्थाका सञ्चालक श्री शुषमा गौतमले सभामा उपस्थित महानुभावहरुलाई स्वागत गर्नुभयो ।

**१०. सभाको समुद्घाटन:**

सभाका अध्यक्षज्यूले पानसमा दीप प्रज्वलन गरि सभाको समुद्घाटन गर्नु भयो । सो पछि राष्ट्रिय गानमा सभामा उपस्थित सबै महानुभावहरु सहभागी भई सभा विधिवत रुपमा प्रारम्भ भयो ।

**११. शुभकामना मन्तब्य:**

सभामा संस्थाका शेयरधनी एवं लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री शुशिला शाहीज्यूले शुभकामना मन्तब्य राख्नु भएको थियो ।

**१२. अध्यक्षज्यूको मन्तब्य तथा आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन:**

अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा छलफल तथा निर्णयकालागि निर्धारित विषयसूची अन्तर्गत सामान्य प्रस्ताव १ अनुसार सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष **छैठौं वार्षिक प्रतिवेदन २०८०/८१** को पेज नं. १ देखि ११ सम्म रहेको अध्यक्षज्यूको मन्तव्य तथा आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सभामा राख्नुभयो ।

**१३. छलफलमा सहभागी शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरु:**

सभामा प्रस्तुत प्रस्तावहरु उपर मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भएमा छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुलाई अध्यक्षको निर्देशनमा कम्पनी सचिवले अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सहभागी भई निम्नानुसारको मन्तव्य, टिप्पणी, जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्नु भयो ।

| क्र.स. | नाम | शेयरधनी समूह | कैफियत |
|---|---|---|---|
| १ | श्री जगन्नाथ आचार्य | सर्वसाधारण | |
| २ | श्री भेषराज भण्डारी | सर्वसाधारण | |
| ३ | श्री सुदिप श्रेष्ठ | सर्वसाधारण | |
| ४ | श्री गोबिन्द बहादुर के.सी. | सर्वसाधारण | |
| ५ | श्री बैजुनाथ रौनियार | सर्वसाधारण | |
| ६ | श्री बिष्णु प्रसाद बराल | संस्थापक | |
| ७ | श्री लक्ष्मण बहादुर श्रेष्ठ | सर्वसाधारण | |
| ८ | श्री निरुपमा गुप्ता | सर्वसाधारण | |
| ९ | श्री इन्द्र प्रसाद लामिछाने | सर्वसाधारण | |



Matribhumi Laghubitta Bittiya Sanstha Limited

| | | | |
|---|---|---|---|
| १० | श्री गणेश बहादुर अधिकारी | संस्थापक | |
| ११ | श्री बालकृष्ण बराल | संस्थापक | |
| १२ | श्री डम्बर बहादुर के.सी. | संस्थापक | |
| १३ | श्री भूमि नारायण राई | सर्वसाधारण | |
| १४ | श्री कमला देवि गिरी थापा | संस्थापक | |
| १५ | श्री अमित बाह्रकोटी | सर्वसाधारण | |
| १६ | श्री भुषण काफ्ले | सर्वसाधारण | |
| १७ | श्री बम्र्हदेव शाक्य | संस्थापक | |

**१४ सभामा शेयरधनीहरुले प्रस्तुत गर्नुभएको टिप्पणी तथा सुझावहरुको सारांश:**

- नियमनकारी निकायको निर्देशन बमोजिम संस्थापक शेयर र सर्वसाधारण शेयर ७० र ३० को अनुपातमा कायम गर्नुपर्ने, संस्थाको शेयरधनीहरुको लागि FPO होइन Right Share जारी गर्नु पर्ने, धेरै मर्जर मात्र समाधान होईन । संस्था मर्जर हुने क्रममा ७ वटा संस्थाहरुबीच मर्ज भई संस्थाको आकार ठुलो भएकोले मर्जरको फाईदा आउने गरि कार्य गर्नु पर्ने, मर्जर पश्चात देखिएका चुनौतिहरुको समाधान गरेर मात्र अर्को मर्जरको लागि सोच्नु पर्ने, आगामी आर्थिक वर्षमा शेयरधनीहरुलाई लाभांस वितरण गर्नु पर्ने ।
- संस्थाको साधारण सभा काठमाडौमा सञ्चालन गरी सहभागी हुने अवसर प्रदान गरिएकोमा धन्यवाद ज्ञापन गर्नु भएको, शेयरधनीहरुलाई प्रतिफल प्रदान हुने गरी सूचकहरुमा सुधार गर्न सुझाव प्रदान गर्नु भएको ।
- धेरै शाखा कार्यालयहरु घाटामा रहेको, शाखाहरुलाई नाफामा ल्याउन रणनीतिक योजनाहरु निर्माण गरेर कार्य गर्नु पर्ने, संस्थाका अधिकांस सूचकहरु नकारात्मक देखिएकाले व्यवसायका सबै सूचकहरु सकारात्मक हुने गरी कार्य गर्नु पर्ने, वित्तीय संस्थामा आन्तरिक नियन्त्रण तथा संस्थागत सुशासन सुधार गर्दै जानु पर्ने, विश्वव्यापि रुपमा देखिएको आर्थिक मन्दीबाट सृजित चुनौतिहरुलाई समाधान गर्ने गरी कार्य गर्नुपर्ने, वित्तीय जोखिमहरुलाई न्यूनिकरण गरी Recovery बढाउनु पर्ने, सञ्चालक समिति तथा व्यवस्थापन बीच प्रभावकारी नतिजा आउने गरि समन्वयात्मक ढंगबाट कार्य गर्नु पर्ने ।
- PE Ratio Negative बाट Possitive बनाउने योजना निर्माण गर्नुपर्ने, संस्था मर्जरको योजना हाललाई पुरा भए जस्तो लागेको, मर्जर पछि देखिएका समस्याहरुलाई सुधार गरी नयाँ मर्जरमा जान उपयुक्त हुने, संस्थाको नकारात्मक रहेको वासलातलाई सकारात्मक बनाउने योजना निर्माण गरी कार्य गर्नुपर्ने, हाल संस्थाको निष्क्रिय कर्जा वृद्दि भएको हुँदा सो घटाउने गरी योजना निर्माण गर्नुपर्ने, कर्मचारीहरुलाई भाखा नाघेको कर्जा असुलीमा प्रोत्साहन भत्ताको व्यवस्था गरेर राम्रो गरिएको, वित्तीय संस्थाको नकारात्मक रहेको वासलातलाई सकारात्मक बनाउने योजना निर्माण

गरी कार्य गर्नुपर्ने, समग्रमा Company को Balance Sheet हाल नराम्रो देखिएकाले तथा स्रोत तथा साधनलाई अझ व्यवस्थित रुपमा परिचालन गरि आगामी दिनमा वित्तीय सूचकहरुमा सुधार गर्नुपर्ने ।

- यस साधारण सभाबाट नयाँ सञ्चालक समितिको चयन हुने हुँदा निर्वाचन प्रक्रिया भन्दा सबै मिलेर सर्वसम्मत हुने वातावरण सृजना गर्नुपर्ने, ४ जनाको संस्थापक सञ्चालकको लागि १२ जना उम्मेदवार हुनु राम्रो संकेत नभएको ।
- संस्थाको कर्जा लगानी न्यून भएको हुँदा कर्जा लगानी वृद्धि गर्नु पर्ने, भौगोलिक विकटतालाई मध्यनजर गरी नियमितरुपमा अनुगमन गर्नुपर्ने, कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्य गर्नुपर्ने साथै क्षमता तथा दक्षताको आधारमा कर्मचारीहरुलाई जिम्मेवारी प्रदान गरि सक्षम तथा सवल लघुवित्त बनाउन सबैको ध्यान केन्द्रीत हुनुपर्ने ।
- नयाँ बर्ष २०८२ को शुभकामना व्यक्त गर्नु भएको, यस आर्थिक बर्षमा लाभांस दिन नसके पनि आगामी आर्थिक बर्षमा लाभास दिने योजना निर्माण गर्नुपर्ने, कम्पनीको बार्षिक प्रतिवेदनको अध्ययन गर्दा कर्जा असुलीलाई विशेष ध्यान दिनुपर्ने, साधारण सभामा पेस हुने सम्पूर्ण प्रस्तावहरुमा पूर्ण समर्थन रहेको धारणा व्यक्त गर्नु भएको ।

**१७. सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्न, जिज्ञासा तथा सुझाव उपर अध्यक्षज्यूले दिनुभएको समष्टिगत प्रत्युत्तरको सारांश:**

शेयरधनीहरुबाट आएको जिज्ञासा, सल्लाह सुझाव उपर संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री लोकराज शर्माले वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै देहाय बमोजिम जानकारी गराउनुभयो ।

- संस्था मर्जरको कारणले यस आ.व. को सधारण सभा केही ढिलो भएको हो आगामी वर्षको साधारण सभा समयमै सम्पन्न गर्ने गरि कार्य गरिने तथा नियमनकारी व्यवस्था बमोजिम सर्वसाधारणमा ३० प्रतिशत शेयर जारी गर्नु पर्ने भएको हुँदा सर्वसाधारणमा थप सार्वजनिक निष्काशन गर्न लागिएको हो सो सम्बन्धमा नेपाल धितोपत्र बोर्डमा सर्वसाधारणको लागि थप निष्काशन गर्न निवेदन दर्ता भईसकेको छ साथै सभामा प्राप्त सुझाव वमोजिम Right Share निष्काशन गर्ने सम्बन्धमा नियमनकारी निकायहरुसंग पहल गरिने ।
- संस्थागत रुपमा देखिएको नकारात्मक सूचकहरुलाई सकारात्मक बनाउन तथा संस्थागत सुशासनमा सुधार ल्याउने गरी वित्तीय संस्थाका हरेक संयन्त्रहरुलाई सक्रिय बनाएर संरचनागत सुधारको कार्य भईरहेको, ७ वटा लघुवित्त वित्तीय संस्था र ३ वटा गैर सरकारी संस्थाहरु मर्ज भई बनेको यस मातृभूमि लघुवित्त वित्तीय संस्थामा देखिएका चुनौतिहरुको दिर्घकालीन समाधान गर्न

Matribhumi Laghubitta Bittiya Sanstha Limited स्था: २००६ कर्पोरेट कार्यालय, काठमाडौं मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड

संस्थाको संरचना तथा Operational Modality मा व्यापक सुधार गर्दै मर्जरका कारण देखिएका समस्याहरुलाई प्राथमिकतामा राखेर व्यवस्थापन गर्ने कार्य अगाडी बढाइएको ।

- वित्तीय संस्थामा कर्मचारीहरुबाट हुने आर्थिक हिनामिना गरेका कर्मचारीहरुलाई कारवाही गर्ने कार्य भईरहेको र सो सम्बन्धी कार्यहरु नियमित प्रकृयामा बिभिन्न चरणमा रहेको, प्रभावकारी रुपमा भाखा नाघेको कर्जा असुलीको लागि कर्जा असुली कार्यविधि, २०८१ स्वीकृत भई साही वमोजिम कार्य भईरहेको छ, ग्राहक संरक्षणकोषको रकमलाई प्रभावकारी एवं ग्राहकको अधिकतम हितमा प्रयोग गर्नका लागि सञ्चालक समितिबाट ग्राहक संरक्षणकोष सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी सो को कार्यान्वयन भईरहेको ।
- नकारात्मक सूचकहरु रहेको वासलातलाई सकारात्मक बनाउनका लागि भाखा नाघेको कर्जा असुली, कर्मचारी तालिम, प्रभावकारी अनुगमन तथा आन्तरिक लेखापरीक्षण कार्य, आर्थिक पारदर्शिता लगायतका कार्यहरुलाई प्राथमिकताका साथ अगाडी बढाइएको, साथै PE Ratio तथा अन्य Negative रहेका सूचकहरुलाई Possitive बनाउने गरी कार्य अगाडी बढाइएको ।
- मर्जर पछि देखिएका समस्याहरुलाई समाधान गर्ने गरी कार्य गरिएको वित्तीय संस्थाको भाखा नाघेको कर्जा घटाउनका लागि योजनाहरु निर्माण गरी कर्मचारीहरुलाई तालिम प्रदान गरिएको, लक्ष्यहरु तोकिएको, कार्यक्षेत्रलाई पूर्व, मध्य र पश्चिम क्षेत्र गरी तीन भागमा विभाजन गरिएको र सोही बमोजिम जिम्मेवारी तोकिएको, भाखा नाघेको आधारमा ऋणीहरुलाई वर्गिकरण गरिएको र सो बमोजिम असुलीको रणनीतिहरु बनाएर कार्य गरिएको छ । भौगोलिक विकटतालाई मध्य नजर गर्दै अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्य गर्नका लागि २३ जना अनुगमन प्रमुखहरुलाई जिम्मेवारी प्रदान गरिएको, भाखा नाघेको कर्जा असुलीको लागि कर्जा असुली कार्यविधि तयार गरी लागु गरिएको, असुलीको लागि कर्मचारीहरुमा लक्ष्य तोकिएको, ऋणीहरुको वर्गीकरण गरिएको लगायतका रणनीतिक योजनाहरु निर्माण गरी कार्यहरु भईरहेको ।
- मर्जर पछि त्यस्ता ठुला समस्याहरु देखिएका छैनन्, केही साना तिना समस्याहरु देखिएका छन् र धेरै समस्याहरु समाधान भईसकेका छन्, संस्था मर्ज हुँदा संस्थाको शाखा संजाल धेरै भएकोले कर्मचारी संख्या केही बढि देखिएको हो ।संस्थाको खराव कर्जा अनुपात उच्च रहनुका साथै बढ्दै पनि गइरहेकोले कर्जा बढ्न नसकेकोले विस्तारै व्यवसाय बृद्धि गर्दै लगिने ।
- संस्थाको सबै सूचकहरु सुधारात्मक हुने गरी कार्य गरिएको, सञ्चालक र कर्मचारी वा कुनै एक वर्गको मात्र नभएर सम्पूर्ण शेयरधनी, ग्राहक सदस्य र अन्य सरोकारवालाहरु सबैको हित हुने गरी कार्य भईरहेको ।
- कर्मचारीहरुमा संस्थागत सुशासन, अनुशासन तथा आचारसहिंताको पालना गर्न गराउन दण्ड र पुरस्कारको व्यवस्था गर्ने परिपाटिको थालनी गरिएको छ, संस्थागत सुशासन र करिब सवा दुई लाख सदस्यहरुको हित हुने गरी योजनाहरु निर्माण गरी सोही वमोजिम कार्य भईरहेको संस्थामा व्यक्ति भन्दा पनि संस्थालाई प्राथमिकतामा राखेर कार्य गर्ने गरिएको ।

Matribhumi Laghubitta Bittiya Sanstha Limited



CamScanner

- संस्थागत सुशासनका लागि शून्य सहनशिलताको मान्यता बमोजिम कार्य भईरहेको, कर्मचारीको क्षमता अभिवृद्धिको लागि समय समयमा कर्मचारीहरुलाई आवश्यक तालिमहरु प्रदान गर्ने कार्य भईरहेको जानकारी सभालाई गराउनु भयो ।

**१८. छलफलको समाप्ती:**
अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवं प्रश्नहरुको सम्बन्धमा जवाफ दिनु भए पछि शेयरधनीहरुबाट थप जिज्ञासा र प्रश्न नआएकोले सभा सञ्चालकले छलफलको क्रम समाप्त भएको जानकारी सभामा गराउनु भयो ।

**१९. प्रस्तावहरुको प्रस्तुति:**
अध्यक्षज्यूको निर्देशन अनुसार सभा सञ्चालकले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु सभा समक्ष छलफल तथा निर्णयकालागि प्रस्तुत गर्नुभयो ।

**२०. सभाको निर्णय:**

**क) सामान्य प्रस्तावहरु:**

१. छलफलको लागि साधारण सभामा प्रस्तुत विषयसूची (१) अन्तर्गत सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल भईसकेकोले सो लाई पारित गरियोस भनी सञ्चालक समितिका तर्फबाट अध्यक्षले पेस गर्नु भएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. विषयसूची २ अन्तर्गत लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ असार मसान्तको वासलात, २०८० साउन १ गते देखि २०८१ असार मसान्त सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु स्वीकृत गर्ने प्रस्ताव सभामा पारित गरियोस भनी सभामा प्रस्तुत भएकोमा यस प्रस्ताव उपर सभामा छलफल भई लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. विषयसूची ३ अन्तर्गत साविक जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको २०८१ असार २६ गतेको वासलात र २०८० साउन १ गते देखि २०८१ असार २६ गते सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु पारित गरियोस भनी सभामा प्रस्तुत भएकोमा यस प्रस्ताव उपर सभामा छलफल भई सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

Matribhumi Laghubitta Bittiya Sanstha Limited
स्था. २०७१
केन्द्रीय कार्यालय, काठमाडौं



CamScanner

४. विषयसूची ४ अन्तर्गत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गरियोस भनी सभा समक्ष पेस भयो । प्रस्तुत प्रस्ताव उपर सभामा छलफल हुँदा मिति २०८२ वैशाख १ गते बसेको लेखापरीक्षण समिति तथा सञ्चालक समितिको सिफारिस बमोजिम लेखापरीक्षण फर्म/कम्पनीहरुबाट प्राप्त कोटेसनको दररेट तथा कागजपत्रका आधारमा पि.एल.आर.जि. एसोसिएटस्, चाटर्ड एकाउन्टेन्ट्स, काठमाडौंको दररेट प्रचलित कर (भ्याट) सहित रू. १०,१७,०००/- (अक्षरेपि दस लाख सत्र हजार रुपैया मात्र ।) रहेको र लेखापरीक्षण गर्ने क्रममा लाग्ने यातायात, खाना, खाजा तथा आवास लगायतको सम्पूर्ण खर्च स्वयं लेखापरीक्षण फर्मले व्यहोर्ने भएकाले अन्य फर्म/कम्पनीहरुको भन्दा पारिश्रमिक कम रहेकोले संस्थाको आर्थिक वर्ष आ.ब. २०८१/०८२ को वाह्य लेखापरीक्षण लगायत कर लेखापरीक्षण, Long Form Audit Report (LFAR), Certification of Annual Report Related to Corporate Governance Directive Issued to Listed Institution-2074, कम्पनी ऐन अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने लगायतका बाह्य लेखापरीक्षकले गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य गर्नको लागि पि.एल.आर.जि एसोसिएट्स, चाटर्ड एकाउन्टेन्ट्स, काठमाडौंलाई माथि उल्लेख गरिए वमोजिमको पारिश्रमिक प्रदान गर्ने गरि लेखापरीक्षक नियुक्त गर्ने सभाले सर्वसम्मतिले निर्णय गऱ्यो ।

५. विषयसूची ५ अन्तर्गत संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक शेयरधनी समूहबाट ४ (चार) जना र सर्वसाधारण शेयरधनीको तर्फबाट २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने प्रस्तावका सम्बन्धमा सर्वसाधारण समूह तर्फ २ जना सञ्चालक श्री भरत बहादुर हमाल र श्री विनोद आचार्य सर्वसम्मतरुपमा सञ्चालक चयन हुनु भयो । संस्थापक समूह तर्फ ४ जना सञ्चालक पदका लागि १२ जनाको उम्मेदवारी दर्ता भएको र सो मध्ये ३ जना उम्मेदवारहरुले उम्मेदवारी फिर्ता लिनु भई बांकी रहेका ९ जना उम्मेदवारहरुको बीचमा मतदान सहितको निर्वाचन सम्पन्न भयो । निर्वाचनमा संस्थापक शेयरधनीहरुले गरेको मतदान पछि प्राप्त मत परिणामको आधारमा देहाय बमोजिम ४ जना उम्मेदवारहरु सञ्चालक पदमा निर्वाचित हुनु भएको परिणाम निर्वाचन अधिकृत श्री लिलामणी पौडेलले घोषणा गर्नु भयो ।

**सञ्चालक पदमा निर्वाचित उम्मेदवारहरुः**

१. श्री बिमला योगी (महिला)

२. श्री शम्भु प्रसाद घिमिरे (खुला)

३. श्री इन्द्र कुमार शाह (खुला)

४. श्री खडानन्द सापकोटा (खुला)

Matribhumi Laghubitta Bittiya Sanstha Limited
स्था. २०७५
कर्पोरेट कार्यालय, काठमाडौं
मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड



CamScanner

**ख) विशेष प्रस्तावहरु:**

१. विषयसूची १ अन्तर्गत सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने प्रस्ताव पारित गरियोस भनि सभामा प्रस्तुत भयो । उक्त प्रस्ताव उपर छलफल हुँदा वित्तीय संस्थाको सर्वसाधारणमा थप सार्वजनिक निष्काशन गर्न बाँकी शेयर रू. ११,४९,९८,२५९/७६ ( अक्षरेपि एघार करोड उनान्चास लाख अन्ठानब्बे हजार दुई सय उन्साठी रुपैंया छयहत्तर पैसा मात्र) यथाशिघ्र निष्काशन गर्ने र सर्वसाधारणमा थप सार्वजनिक निष्काशन गर्दा जे जो गर्नु पर्ने कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने समेत सभाले सर्वसम्मतिले निर्णय गर्‍यो ।

२. विषयसूची २ अन्तर्गत यस वित्तीय संस्था नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको अन्य लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) सम्बन्धमा आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभामा पेस गरिएकोमा उक्त प्रस्ताव उपर सभामा घनीभूत रुपमा छलफल भई सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**२१ धन्यवाद ज्ञापन तथा सभा विसर्जन:**

वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष लोकराज शर्माले छैठौं वार्षिक साधारण सभामा उपस्थित भई जिज्ञासा, टिप्पणी तथा अमूल्य सुझावहरु दिनु भई संस्थाको भावी रणनीति, योजना तथा कार्यदिशा तय गर्न समिति र व्यवस्थापनलाई अमूल्य मार्गदर्शन एवं प्रेरणा प्रदान गरिदिनु भएकोमा शेयरधनीहरु धन्यवाद ज्ञापन सहित आभार प्रकट गर्नु भयो ।

साथै, आगामी दिनहरुमा पनि सबैले यस्तै साथ सहयोग र हौसला प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै उपस्थित सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु, नियामक निकायका प्रतिनिधिज्यूहरु, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत तथा संस्थाका समस्त कर्मचारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दै बैंकको सत्ताईसौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| .................... | .................... |
| **(लक्ष्मी प्रसाद शर्मा)** | **(लोकराज शर्मा)** |
| **प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव** | **अध्यक्ष, सञ्चालक समिति** |



CamScanner